# आ.व. २०८२।८३ को लागि ऋषिङ्ग गाउँपालिका, तनहुँको गाउँसभाको १८ औं अधिवेशनमा प्रस्तावित नीति तथा कार्यक्रमहरू

ऋषिङ्ग गाउँपालिकाका उपाध्यक्षज्यू,

प्रमुख प्रशासकीय अधिकृतज्यू,

वडाध्यक्षज्यूहरू,

गाउँ कार्यपालिकाका सदस्यज्यूहरू

गाउँसभाका सदस्यज्यूहरू

सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू, पत्रकार, सुरक्षाकर्मी र सम्पूर्ण उपस्थित महानुभावहरू,

यहाँहरूलाई ऋषिङ्ग गाउँपालिकाको आ. व. २०८२।८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न आयोजित गाउँसभाको १८ औं अधिवेशनमा हार्दिक स्वागत गर्दछु।

१. संघीयता कार्यान्वयनको सिलसिलामा नेपालमा स्थानीय तहको दोस्रो कार्यकालको लागि भएको स्थानीय तहको निर्वाचन, २०७९ बाट निर्वाचित भएपछि चौथो पटक तथा ऋषिङ्ग गाउँपालिका स्थापना पश्चात नवौं पटक ऋषिङ्ग गाउँपालिकाको यस गरिमामय गाउँसभामा गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न लागिरहेको छु र यो अवसर प्राप्त गरेकोमा गौरान्वित महशुस गरेको छु। यस सुखदः घडीमा ऋषिङ्गबासी सम्पूर्ण आमा, बुवा, दिदी बहिनी, दाजुभाई एवं राजनीतिक दल र सम्पूर्ण सहकर्मीहरूलाई हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु ।

२. प्रथमतः यस अवसरमा नेपाल र नेपालीको हित तथा नागरिक सर्वोच्चता स्थापना एवं लोकतन्त्र स्थापनाका लागि इतिहासको विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु। साथै घाइतेहरूको शीघ्र स्वास्थ लाभको कामना गर्दछु। राजनैतिक परिवर्तन एवं समाज र देशको समग्र परिवर्तनका लागि नेतृत्त्वदायी भूमिक खेल्नुहुने अग्रज व्यक्तित्त्वहरू र सम्पूर्ण नागरिकहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।साथै बेपत्ता भएका ऋषिङ्गका नागरिकहरूको खोजी कार्यलाई विशेष जोड दिँदै अपाङ्ग एवं पिडित व्यक्ति र परिवारप्रति उच्च सम्मान प्रकट गर्दै नेपाल सरकारसँग समन्वय र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। समृद्ध

ऋषिङ्ग र सुखी ऋषिङ्गबासी निर्माण अभियानमा सम्पूर्ण ऋषिङ्ग बासीहरूको हार्दिक सदभाव र सहकार्य समन्वयकारी भूमिका हुनेछ भन्ने अपेक्षा गरेको छु।

३. आम ऋषिङ्गबासी नागरिकहरूको चाहना र भावना बमोजिम दोस्रो कार्यकालको चौथो वर्ष व्यतीत गर्दै गर्दा सँगालेका अनुभव तथा परिस्थितिले सिर्जना गरेका मागहरू र विकासको आवश्यकता एवं नागरिकको आकांक्षालाई सम्बोधन गर्ने गरी आगामी आ. व. २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। विगत केही वर्षदेखी रसिया र युक्रेन युद्ध र हालै मध्यपूर्वमा भएको द्धन्द्धबाट विश्व आपूर्ति श्रृङ्खलामा आएको नकारात्मक असरले नेपालको अर्थतन्त्र तथा वैदेशिक रोजगारीमा पर्नसक्ने अभाव आगामि दिनमा पनि थप अर्थतन्त्रको चुनौतीका रूपमा देखा परेको छ । संघीय सरकारको राजश्व परिचालनमा नकारात्मक प्रभावले स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरण असर पुगेको छ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण ऋषिङ्गका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन् । उब्जाउ खेत वारी बाँझो हुन पुगेका छन् । यस सन्दर्भमा युवालाई ऋषिङ्ग भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाईलाई आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ । यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुर्नउत्पादनशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गर्न हाम्रो लक्ष्य रहेको छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनुपर्ने छ।

४. सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरुबीच अभिव्यक्त गरेका प्रतिज्ञाहरु पूरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८२/८३ को नीति तथा कार्यक्रमलाई प्रत्याभूत गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक रूपमा समुदायलाई प्रोत्साहान गरिनेछ ।

५. “सबल स्थानीय सरकार संघीयताको आधार” भन्ने भावनालाई कार्यान्वयन गर्न, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, एवं अन्य विभिन्न संघीय र प्रादेशिक

कानूनहरुले व्यवस्था गरेका अधिकारको प्रयोग तथा जिम्मेवारीहरुको वहन गर्नका निमित्त ऋषिङ्ग गाउँपालिकाले बनाएका स्थानीय ऐन, नियमावली, कार्यविधि तथा मापदण्डहरुको समायनुकुल परिमार्जन एवं आवश्यक थप कानूनी प्रावधानहरुको व्यवस्था गरी ऋषिङ्गको सेवा प्रवाह र विकास निर्माणका कार्यहरु सहज, सबल र प्रभावकारी एवं नतिजामूखी तथा समयसापेक्ष गरिनेछ। यसका अलबा प्रविधिमैत्री सेवा प्रवाह सुनिश्चित गर्दै ऋषिङ्गलाई सुशासनयुक्त गाउँपालिका बनाउने हाम्रो प्रमुख अभिलाषा रहेको छ।

६. नागरिकको सबैभन्दा नजिकको सरकारको रुपमा आशा र भरोसाको केन्द्रमा रही नागरिककै अपेक्षानुरुप अगाडि बढाउँदै समृद्ध ऋषिङ्ग, सुखी एवं खुसी ऋषिङ्गबासी निर्माण अभियानलाई अखण्ड रूपमा अगाडि बढाउन ऋषिङ्गका सबै राजनीतिक दल, शिक्षाप्रेमी, समाजसेवीलगायत आम नागरिकहरुसँग हातेमालो गरिनेछ । प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

७. २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनबाट ऋषिङ्ग गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित भएपश्चात् स्थानीय सरकारको हैसियतमा गाउँपालिकालाई समृद्ध बनाउने अभियानको क्रममा घोषणा गरिएका विभिन्न लोकप्रिय र सफल कार्यक्रमहरु जस्तै **उज्यालो ऋषिङ्ग अभियान, खरको छानोमुक्त ऋषिङ्ग, एक वडा एक उत्पादन, हरेक वडा कार्यालयसम्म पक्की सडक सञ्जाल विस्तार र एक घर एक धारा खानेपानी** जस्ता लोकप्रिय कार्यक्रमहरुलाई निरन्तरता दिई गुणस्तरीय रुपमा अगाडि बढाइने छ। यसका साथै आगामी वर्ष देखी **ऋषिङ्ग बस, ऋषिङ्ग फर्क** अभियानलाई प्रोत्साहन गर्न गाउँपालिका अन्तर्गतको स्वास्थ शाखामा प्रोटोकल अनुसारको पूर्व प्रसुती परीक्षण गरी जन्मने शिशुलाई सुनिश्चित भविष्यका लागि सम्बन्धित शिशुकै नाममा रु ५,०००। को दीर्घकालीन बचतकोष खडा गरी रकम उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।

८. ऋषिङ्गको विकास, सेवा प्रवाह र सुशासनमा दक्षता र कार्यकुशलता हासिल गर्न सक्ने अटल विश्वासका साथ निर्वाचित गराउनु हुने आम ऋषिङ्गबासी नागरिकहरुको भावनाको उच्च कदर गर्दै ऋषिङ्गको दीर्घकालीन सोँच ***"ऋषिङ्ग समृद्धिको आधारः कृषि, संस्कृति, पर्यटन र पूर्वाधार"*** हासिल गर्न ऋषिङ्गकै जल, जमिन, जंगल, जडिबुटी, जनशक्ति, खानी र शालिग्राम जस्ता खानी तथा खनिजको व्यवस्थापन तथा दीगो उपयोगको नीति लिईनेछ । **एक घर एक स्थानीय सीप** कार्यक्रमलाई अभियानकै रुपमा निरन्तरता दिईनेछ।

आदरणीय गाउँसभा सदस्यज्यूहरू,

अब म ऋषिङ्ग गाउँपालिकाले आ. व. २०८२/८३ का लागि तय गरिएको क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## आर्थिक विकास तर्फ

### कृषि तथा पशुपंक्षीः

९. स्थानीय आर्थिक विकासलाई योजनाबद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तर्गत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामुलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मूल्य श्रृखला (उत्पादनदेखि बजारीकरणसम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

१०. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्त्व वृद्धि गरी आत्मनिर्भरता हासिल गर्न विभिन्न उत्पादनमुखी कार्यक्रम सञ्चालन गरिनेछ। कृषकहरूलाई उत्पादकत्त्व वृद्धि गर्ने खालको तालिम र अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। सामूहिक खेती र करार खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ। कृषि जैवीक विविधताको संरक्षण, परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने बाली प्रवर्द्धनमा जोड दिइनेछ। **स्थानीय रैथाने वालीहरू** (कोदो, आलु, तिल, मकै, अदुवा र मास) जस्ता को विउ संरक्षण, खेती विस्तार र व्यवसायीकरण गरिनेछ। अदुवा र मकै बालीको बीउ उत्पादन तथा संरक्षण कार्यक्रम अगाडि बढाइने छ।

११. गाउँपालिका भित्रका विभिन्न कृषियोग्य जमिनको माटो परीक्षण कार्यलाई निरन्तरता दिईनेछ र उक्त माटोको प्रतिवेदन आधारमा माटोको गुणस्तर सुधारको पहल गरिनेछ। माटोको गुण अनुसार कृषि कार्य गरी उत्पादन प्रवर्द्धन गर्न प्रदेश र संघ सरकार सँगको समन्वयमा कृषि पकेट, ब्लक वा जोन उत्पादन क्षेत्रहरु सञ्चालन गरिनेछ। प्लाष्टिक टनेल निर्माणलाई विस्तार गरी बेमौसमी तरकारी तथा फलफूल उत्पादनलाई जोड दिइने छ।

१२. हावापानी र माटोअनुसार उच्च मुल्यका फलफूल, तरकाली तथा अन्नवाली तथा नगदे बालीहरूको पकेट क्षेत्रहरूको पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरूमा व्यवसाहिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ । राष्ट्रिय फल सुन्तला खेतिको विकासका लागि भू-वनोटअनुसार पकेट कार्यक्रम निरन्तरता दिइनेछ ।

१३. ऋषिङ्ग गाउँपालिकाको वडा नं ३ स्थित परीक्षणको रूपमा सुरुवात गरिएको चियाखेतीलाई थप विस्तार र प्रवद्धन गर्दै Agro Tourism सँग जोड्दै लगिनेछ ।

१४. ऋषिङ्ग गाउँपालिकामा स्थानीय सम्भाव्यता रहेको मूख्य खाद्यान्न बाली मकैको उन्नत बीउ गाउँपालिका क्षेत्र भित्रका केही क्षेत्रहरूमा बिस्तार गरी विउ उत्पादन गरिनेछ ।उक्त उत्पादित विउको प्रमाणीकरण र बजारीकरणका गर्दै त्यसको आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गरिनेछ ।

१५. कृषक वर्गिकरण कार्य सञ्चालन गरी कृषक समूहको सूचिकरण मार्फत कृषि तथा पशु सेवा प्रवाहलाई सरल र सहज बनाउन कृषक समूह र सञ्जाललाई परिचालन गरिनेछ।कृषकहरुलाई कृषि परिचय-पत्र वितरण कार्य अगाडि बढाइनेछ।उत्पादनमा योगदान र नवप्रवर्तनको आधारमा कृषक सम्मान कार्यक्रम अगाडि बढाइनेछ।

१६. कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अद्यावधिक गरिनेछ।कृषि उपजको आयात प्रतिस्थापन नीति बमोजिम कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउँदै व्यवसाहिकरण गरिनेछ । निर्वाहमूखी कृषिलाई क्रमशः रुपान्तरण गरी व्यवसायीक र आयमूलक बनाउन विगतका वर्षमा थालिएको कृषि कार्यको आधुनीकिकरण र यान्त्रीकरण अन्तर्गतको कृषि औजारमा अनुदान, बीउ बिजन, विषादि, औषधी र मलमा सञ्चालन गरिएको अनुदान र सहुलियत कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडि बढाइनेछ। बाँदर नियन्त्रणका सम्बन्धमा अध्ययन र अनुसन्धान गरी नियन्त्रणका विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१७. गाउँपालिका भित्र रहेका सम्पूर्ण बाँझो जग्गाहरुको तथ्याङ्क सङ्कलन गरी भूमि बैंक व्यवस्थापन गर्ने र उपयुक्तताको आधारमा व्यावसायीक खेती र सघन खेती प्रणाली तर्फ अभिप्रेरित गरिनेछ। महामारीजन्य रोग तथा किराको प्रकोपबाट कृषि उत्पादनमा क्षती पुगेका कृषकलाई राहत तथा व्यवसाय पुर्न-स्थापनाको लागि आवश्यक सहयोग गरिनेछ ।

१८. गाउँपालिकामा दुग्धजन्य र मासुजन्य उत्पादन प्रवर्द्धनको लागि पशुपंक्षीको नश्ल सुधार, भकारो सुधार एवम् गोठ सुधार र चरिचरन सुधार कार्यक्रमलाई निरन्तरता दिइ थप प्रभावकारी बनाइनेछ। गाउँपालिकाका आवश्यक स्थानमा ट्रैभिज(पशु नियन्त्रण खोर) निर्माण गरी ठूला पशुचौपायाको लागि उपचार तथा कृतिम गर्भाधारणको व्यवस्था मिलाईनेछ।

१९. एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत हाल वडा नं ८ र ३ को ५२ रोपनी क्षेत्रफलमा सञ्चालित अकवरे खुर्सानी कार्यक्रमको उत्पादनलाई बजारसँग जोडिनेछ साथै उक्त कार्यक्रमलाई अन्य वडामा विस्तार गरिनेछ । भैंसी, गाई, बाख्रा, बङ्गुर सुँगुर, माछा र कुखुरापालन लगायतको कार्यक्रमलाई उत्पादनको आधारमा अनुदान तथा प्रोत्साहनको व्यवस्था गरी कृषकहरुलाई पशुपालनको क्षेत्रमा आकर्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२०. कृषि क्षेत्रको लागतलाई न्यूनीकरण गर्न कृषि औजार वितरण कार्यलाई निरन्तरता दिइने छ। कृषि औजार वितरण गर्दा बहुसंख्यक नागरिकले लाभ लिन सक्ने गरी गरिनेछ।वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई कृषि उद्यममा लाग्न प्रोत्साहन गरिनेछ। साथै सीप सिकेर दक्षता हासिल गरी वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई लक्षित गरी कम्तिमा ५ लाखभन्दा माथि लगानी गरी कृषि तथा पशु उद्यम गर्ने युवा कृषकलाई व्यावसायीक उद्यम दर्ता निशुल्क गरी स्वीकृत लगानीको ३० प्रतिशत अनुदान उपलब्ध गराइनेछ।सामूहिक उद्यमलाई विशेष प्राथमिकता दिइनेछ।

२१. कृषि उत्पादनलाई बजारीकरणका लागि प्रत्येक वडामा कृषि उपज सङ्कलन केन्द्र सञ्चालन गरिनेछ र वडा नं. १ झापुटार र वडा नं. ६ ढुङ्गाडेमा कृषि तथा पशु हाट बजार सञ्चालनमा ल्याइनेछ। सो हाट बजारमा बिक्री हुन नसकेका कृषि उत्पादन तथा पशुजन्य उत्पादनहरुको गाउँपालिकाले खरिद गरी व्यवस्थापन गर्ने वातावरण मिलाइनेछ। कृषि उपज चिस्यान केन्द्र र दुग्ध चिस्यान केन्द्र स्थापनामा प्रोत्साहन गरिनेछ।

## <u>उद्यमशीलता, उद्योग तथा व्यावसाय</u>

२२. उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यमी सिर्जना कार्यक्रम सञ्चालन र प्रारम्भिक सीप आर्जन गरेका उद्यमीहरुलाई स्तर वृद्ध तालिम सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ।उद्यमीहरुलाई प्रोत्साहन गर्न अनुदान तथा प्राविधिक सहयोगको व्यवस्था मिलाइनेछ।औद्योगिक गतिविधि प्रवर्द्धनको लागि औद्योगिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

२३. गाउँपालिका भित्र रहेका व्यापार व्यवसाय, उद्योग एवं वाणिज्य फर्महरुलाई सो दर्ताको दायरामा ल्याइ तथ्याङ्क अद्यावधिक गरिनेछ। साथै उद्योग वाणिज्य सङ्घसँगको सहकार्यमा स्थानीय व्यावसायीहरुलाई सरकारको कर प्रणालीको बारेमा आवश्यक ज्ञान एवम् क्षमता

विकासको कार्यक्रम सञ्चालन गरिनेछ। बजार अनुगमनलाई नियमित गरी बजार अनुशासन कायम गराइनेछ। म्याद नाघेका र मिसावट भएका अखाद्य वस्तु बिक्री वितरणमा रोक लगाइनेछ।

२४. वैदेशिक रोजगारबाट फर्केका युवाहरूले आर्जन गरेको ज्ञान र सीप सदुपयोग गर्दै स्व-रोजगार र उद्यमशीलता विकासका लागि **'युवालाई विदेश होईन विजनेश'** नीति अनुसार गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तर्गत समावेश भएका उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

## पर्यटन तथा संस्कृति प्रवर्धनः

२५. गाउँपालिका क्षेत्रभित्रका ऐतिहाँसिक महत्त्वका क्षेत्र, धार्मिक तथा संस्कृतिक पक्ष, गुफा, कन्दरा, प्रकृतिक सौन्दर्यता बोकेका क्षेत्रहरूको संरक्षण गरिनेछ । सहासिक पर्यटकीय गतिविधि सञ्चालनका सम्भावन भएको क्षेत्र एवम् पर्यटकीय स्थलको रुपमा विकासविस्तार गर्न सम्भावनाको आधारमा अध्ययन अनुसन्धानमा जोड दिइनेछ।

२६. ऋषिङ्ग गाउँपालिकाको काखबाट बहने काली गण्डकी, र सेति गण्डकीको किनारमा रहेको सभ्यता, अजम्मरी माई मन्दिर, गर्गेश्वर मन्दिर, ज्यामिरेमाई मन्दिर, कल्याणदेवी मन्दिर, ऋषिङ्ग दरवार, रानीपोखरी, भिरकोट कोट, दुवुङ्ग कोट, मनकामना बालकोट चुली, कल्याणदेवी मन्दिर, दुर्गाभवानी मन्दिर र गुम्लेक कालिका मन्दिर जस्ता पवित्र एवम् धार्मिक स्थलको प्रसार गरिनेछ।यस गा.पा. भित्रको विभिन्न बस्तीहरु, रितीरिवाज, प्रथा प्रम्परा, धर्म संस्कृति,जनजीवीका, कृषि सम्भावना तथा प्राकृतिक सौन्दर्यतालाई प्रतिविम्वित गर्ने गरी वृत्तचित्र निर्माण गरिनेछ।साथै ऋषिङ्गका विभिन्न ऐतिहासिक, धार्मिक सांस्कृतिक तथा पर्यटकीय महत्त्वका क्षेत्रहरुको बर्णनात्माक सूचना (Brochure) निर्माण गरी प्रचार प्रसार मार्फत ऋषिङ्गको पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ।

२७. ऋषिङ्गका विभिन्न बस्तीहरु (दुवुङ्ग, नाजुङ्ग, ऋषिङ्ग हटिया र सेटाङ्गमा) सञ्चालित घरबास कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ।लोचेडाँडा लगायत अन्य थप स्थानहरुमा मागको आधारमा घरबास कार्यक्रम सञ्चालन प्रक्रिया अगाडि बढाइनेछ।ऋषिङ्गमा बसोबास गरेका विभिन्न जातीय समुदायको सांस्कृतिक पक्ष झल्किने खालको संग्रहालय व्यस्थापनमा जोड दिइनेछ।सम्भावनाका आधारमा पर्यटकीय पैदल मार्ग व्यवस्थापन गरिने छ।

२८. गाउँपालिकाभित्र अधिक रूपमा वोलिने मगर जातिको मातृभाषा मगर भाषाको संरक्षण गर्दै उक्त भाषाको लिपि, व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ । ऋषिङ्गबाट उत्पत्ती भएको मगर जातीको कौरा नाच लगाएत अन्य कला, साहित्य र संगितको संरक्षण गर्न विभिन्न प्रोत्साहनको कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसको लागि "ऋषिङ्ग जाऔं, मौलिक सँस्कतिकसँग रमाऔं" भन्ने नारालाई प्राथमिकता दिइनेछ ।

२९. खानेपानी, सिंचाई तथा पर्यावरणीय विविधता संरक्षणको पर्यापर्यटन प्रवर्धनका लागि एक वडा एक ताल/तलाउ/पोखरी निर्माण कार्यलाई प्रभावकारीता तथा आवश्यकता हेरी बिस्तार गर्दै लगिनेछ। ज्वालाखोला ताल निर्माणको लागि सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको छ। अब यस तालको डि. पि. आर. तयार गरी ताल निर्माण कार्यको लागि नेपाल सरकारसमक्ष समन्वय गरिनेछ।

## सहकारी तथा भूमि व्यवस्थाः

३०. गाउँपालिका भित्र रहेका सहकारी संस्थाको क्षमता विकास कार्य तथा नियमन कार्यलाई व्यवस्थित गरिनेछ। थप सहकारी संस्था स्थापनमा जोड दिइनेछ। सहकारीको मूल्य, मान्यता र सैद्धान्तिक धरातलसमेत कायम राख्न आवश्यक प्रबन्ध मिलाइनेछ। सहकारी मार्फत व्यवसायीक उत्पादन प्रवर्द्धन गरी आयआर्जन विस्तारमा जोड दिइनेछ। रासायनिक मल वितरण कार्यक्रममा सहकारीहरुलाई परिचालन गरिनेछ।

३१. राज्यको तीन खम्बे अर्थ नीति अनुरुप सहकारी क्षेत्र, निजी क्षेत्र र ऋषिङ्ग गाउँपालिकाबीच साझेदारीमा आयआर्जनका कार्यक्रम सञ्चालन गरिनेछ। सहकारीमार्फत परिचालन हुने पुँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न जोड दिइनेछ। सहकारीहरुले ऋण लगानी गर्दा कृषि तथा पशुजन्य व्यवसायलाई प्राथमिकता दिन उत्प्रेरित गरिनेछ।

३२. नेपाल सरकारको नीति अनुरुप राष्ट्रिय भूमि आयोगबाट सञ्चालन गरिने कार्यक्रमलाई सम्पन्न गर्न सहकार्य तथा समन्वय गरिनेछ। रुपटार, पिपलटार लगायत ऋषिङ्ग गाउँपालिका भित्र रहेका गुठी, एवम् रैती जग्गाहरुलाई भोग गरिरहेका व्यक्तिहरुलाई व्यस्थित उपयोगका लागी आवश्यक पहल गरिनेछ। भूमिहीन-सुकुम्बासी, भूमिहीन-दलित, अव्यस्थित बसोबासीहरुलाई सबै प्रक्रिया पुऱ्याइ अस्थायी निस्सा दिलाउने कार्य गरिनेछ।

## राजश्व सम्बन्धी नीतिः

३३. गाउँपालिकाको आन्तरिक आय प्रवर्द्धन गर्नाका लागि राजश्व सुधार कार्ययोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। ऋषिङ्ग गाउँपालिकाले सम्पूर्ण क्षेत्रबाट सङ्कलन हुने राजश्वलाई SUTRA सफ्टवेयरको माध्यमबाट एकिकृत गरी थप व्यवस्थित गरिनेछ। करदाता शिक्षा कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

३४. नेपालको संविधानको प्रदत्त अधिकारभित्र रही कर र गैरकरका दरलाई समयानुकुल बनाउँदै दायरामा बिस्तार गर्दै लगिनेछ । आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरू पहिचान गरिनेछ ।

३५. स्थानीय तहको अधिकार क्षेत्रभित्रका सम्पूर्ण क्षेत्रबाट कर सङ्कलन कार्यलाई व्यवस्थित गरिनेछ। राजश्व सङ्कलन कार्यलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ उत्कृष्ट करदातालाई उचित सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ।

३६. गाउँपालिकामा सञ्चालनमा रहेका सबै व्यावसायहरू तथा आयआर्जनमा जोडिएका व्यक्तिहरूलाई कर प्रणालीमा आवद्ध गराउन अभियान अगाडी बढाईनेछ । "कर हाम्रो विकास र सेवा प्रवाहको आधार हो" भन्ने आशयलाई सिद्ध गर्ने गरी कर र विकास तथा सेवा प्रवाहको बीचमा समानुपातिक सम्बन्ध स्थापित गरिनेछ।

## सामाजिक विकासः

### शिक्षाः

३७. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको व्यवस्था मिलाइनेछ ।

३८. गाउँपालिकाका सम्पूर्ण विद्यालयको शैक्षिक गुणस्तर उकास्न नियमित अनुगमन तथा निरिक्षणको प्रवन्ध गर्दै "हाम्रो विद्यालय राम्रो विद्यालयको" अवधारण लाई निरन्तरता दिइने छ। यसको लागि पूर्व शिक्षकहरूसँग वार्तालाप गरिनेछ । विद्यालयहरुमा विद्युतीकरण, इन्टरनेट जडान र विद्युत्तीय हाजिरीलाई नियमित तथा व्यवस्थित गरिनेछ।

३९. ऋषिङ्ग गाउँपालिकाभित्रका माध्यमिक विद्यालयमा योग शिक्षा तालिम उपलब्ध गराई योग कक्षा सञ्चालनमा ल्याइनेछ ।जसबाट स्वास्थ्य तथा अनुशासनमा सकारात्मक योगदान पुर्‍याउने अपेक्षा राखिएकोछ ।

४०. नेपाल सरकारले बाल कक्षादेखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई दिवा खाजा कार्यक्रमका लागि प्रति विद्यार्थी रु १५ उपलब्ध गराउँदै आएकोमा सो रकम मा रु ५ थप गरी रु २० पुऱ्याइने छ ।विद्यालय दिवा खाजा स्वस्थ, ताजा, अर्गानिक, र पोषणयुक्त खाजा व्यवस्थापनका लागि स्थानीय खाद्य उत्पादन प्रयोग गर्ने गराउने निति लिइनेछ ।स्थानीय खाद्य उत्पादनका लागि कृषकलाई प्रोत्साहन गरी उत्पादित वस्तु प्रतिस्पर्धा र गुणस्तरका आधारमा विद्यालयमा दिवा खाजाको रुपमा खपत गर्न पालिकाबाट आवश्यक वातवरणका लागि सहजीकरण गरिनेछ ।

४१. आधारधूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क बनाउँदै लगिनेछ । पालिकाले कक्षा ५ र ८ को परीक्षा गाउँपालिका स्तरीय परीक्षाको रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक प्रबन्ध गरिनेछ ।

४२. "**उत्कृष्ट विद्यार्थी प्रोत्साहन कार्यक्रम**", छात्रावृत्ति वितरण कार्यक्रम र S.E.E दिने विद्यार्थीलाई निःशुल्क कोचिङ्ग कक्षा सञ्चालन जस्ता कार्यक्रमलाई थप सुधारका साथ निरन्तरता दिइनेछ।विद्यालय शिक्षामा जीवनउपयोगी सीप सम्बन्धी विषयको अध्यापनमा जोड दिइनेछ।

४३. ऋषिङ्ग गाउँपालिका वडा नं. ८ मा अवस्थित श्री शिवसरस्वति माध्यमिक विद्यालयमा सञ्चालन गरिएको भेटेरिनरी शिक्षालाई थप व्यवस्थित गर्दै त्यहाँबाट उत्पादित जनशक्तिलाई सम्बन्धित क्षेत्रको काममा लगाउने वातावरण निर्माणमा सहजीकरण गरिनेछ।अति विपन्न, दलित एवम् सिमान्तकृत विद्यार्थीहरुलाई उचित छात्रावृत्तिको व्यवस्था गरिनेछ।

४४. ऋषिङ्ग गाउँपालिकाका बालबालिकाहरुलाई विद्यालय शिक्षा यसै गाउँपालिकाका सामुदायिक विद्यालयहरूबाट पूरा गराउने तथा आर्थिक अभावका कारण उच्च शिक्षा हासिल गर्नबाट बञ्चित हुन नदिन यसै शैक्षिक वर्षबाट ऋषिङ्ग गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूबाट एस ई ई परीक्षामा उत्कृष्ट अङ्क हासिल गर्ने विद्यार्थीहरुलाई कक्षा ११ र १२ सम्मको अध्ययन पूरा गर्नका लागि विषेश छात्रा वृत्तिको व्यवस्थालाई प्राथिकताको साथ निरन्तरता दिईनेछ। सो कोटामा थप गर्दै लगिनेछ ।

४५. प्र. अ. र वि. व्य.स. अध्यक्षहरुका लागि SIP निर्माण तथा सामाजिक लेखा परीक्षण सम्बन्धी अभिमुखीकरण तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ। शिक्षक तालिम कार्यक्रमलाई थप

व्यवस्थितका साथ निरन्तरता दिइनेछ। ऋषिङ्ग गाउँपलिका भित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत  प्र.अ. हरुको मनोबल उच्च राख्ने तथा शैक्षिक गुणस्तर सुधारमा थप उत्प्रेरित गर्ने उद्देश्यका साथ नेपाल सरकारले उपलब्ध गराउँदै आएको प्र.अ. भत्तामा सतप्रतिशत थप गरिने कार्यलाई निरन्तरता दिइनेछ।साथै शिक्षकहरुलाई कार्यसम्पादनको आधारमा सम्मान तथा पुरस्कारको प्रबन्ध मिलाइनेछ। विद्यार्थी मूल्याङ्कन पद्दतिलाई प्रविधिमा तथा निरन्तर व्यवहार प्रदर्शन पद्दतिमा आधारित बनाई  थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

४६. विद्यालयमा महिला शिक्षक सुत्केरी भएको अवस्थामा विद्यालयको शैक्षिक क्षति परिपुरणका लागि ५० प्रतिशत अनुदानमा वैकल्पिक शिक्षक व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।विद्यार्थीको अन्तरनिहीत प्रतिभा प्रष्फुटन गराउने खालका विविध अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।राष्ट्रपति तथा अध्यक्ष कप रनिङ्ग शिल्ड प्रतियोगितालाई व्यवस्थित गराउनुका साथै विद्यार्थी लक्षित खेलकुदका थप कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४७. अभिभावकहरुलाई विद्यालयप्रति स्वयमको अपनत्व वृद्धि र उत्तरदायी बनाउन “अभिभावक शिक्षा” कार्यक्रम सञ्चालन गरिनेछ ।गाउँपालिकालाई बालविवाह मुक्त पालिका बनाउन विद्यालय स्तरमा बाल विवाह अन्त्य सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ। विद्यालयमा  शिक्षकहरुलाई कार्यसम्पादन तथा शैक्षिक गुणस्तरको आधारमा सम्मान तथा पुरस्कारको प्रवन्ध मिलाइनेछ। विद्यार्थी मूल्याङ्कन पद्दतिलाई प्रविधिमा तथा निरन्तर व्यवहार प्रदर्शन पद्दतिमा आधारित बनाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

४८. बालविकास केन्द्रलाई प्रभावकारी र व्यवस्थित गर्न बालकक्षा सहजकर्तालाई तालिमको व्यवस्था मिलाइनेछ। बालवालिकाको आवश्यकताको आधारमा सञ्चालन गरिएका बालविकास केन्द्र तथा विद्यालयलाई थप व्यवस्थित गरिनेछ। **मगर भाषाको संरक्षण** तथा संवर्द्धन गर्ने उद्देश्यका साथ पाठ्यक्रम निर्माण कार्यलाई अगाडि बढाइनेछ।

४९. विद्यार्थी संख्याको आधारमा विद्यालय गाभ्ने, तह थप्ने, तह घटाउने, कक्षा थप्ने र घटाउने कार्य गरिनेछ।संघीय तथा प्रदेश सरकार र पालिकको साझेदारीमा विद्यालयमा स्कुल बसको व्यवस्था गरिनेछ । त्यको लागि विद्यालयले ४० प्रतिशत स्वयंले व्यहोर्नुपर्ने छ । आर्थिक रुपले विपन्न, अपाङ्गता भएका विद्यार्थीहरुका लागि शैक्षिक सामाग्री वितरण कार्यलाई

निरन्तरता दिइनेछ। ऋषिङ्ग गाउँपालिका भित्रका विद्यालयबाट **S.E.E.** उत्तिर्ण गरी **M.B.B.S.** अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रावृत्ति उपलब्ध गराइनेछ।

५०. "अध्यक्ष शैक्षिक सुधार कार्यक्रम" लाई निरन्तरता दिइनेछ। पञ्चवर्षीय शैक्षिक योजना निमार्ण गरी वर्तमान शैक्षिक अवस्थामा योजनावद्ध सुधारका प्रयास अगाडि बढाइने छ। शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा थप प्रभावकारीता ल्याइनेछ। सार्वजनिक लाभको पद धारण गरेका व्यक्तिका छोरा छोरीलाई सामुदायिक विद्यालयमा अध्ययन गराउन अभिप्रेरित गरिनेछ।

५१. कार्यसम्पादनमा आधारित अनुदान, छात्राहरुलाई निशुल्क सेनिटरी प्याड वितरण, शिक्षण सिकाइ सामाग्री व्यवस्थापन, विज्ञान प्रयोगशाला, ICT LAB व्यवस्थापन अनुदानका कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। साथै विद्यालयहरुमा महिनावारी भएका छात्राहरुलाई विश्राम कक्षको व्यवस्था मिलाउन सञ्चालन गरिएको "उपाध्यक्षसँग छात्रा" कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्रत्येक विद्यालयमा प्रथामिक उपचार सामाग्री सहितको उपचार कक्ष व्यवस्थापनमा जोड दिइनेछ र प्राथमिक उपचारको सम्बन्धमा शिक्षकहरुलाई तालिम प्रबन्ध मिलाइनेछ।

५२. लामो सेवा अनुभव र उत्कृष्ट कार्यसम्पादानको आधारमा शिक्षकलाई सम्मान र पुरस्कारको निरन्तरता दिइनेछ। कक्षा ८, १० र १२ मा ऋषिङ्ग गाउँपालिकामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ।

५३. ऋषिङ्ग गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुले आफूले पाउने मासिक सुविधाको रकम मध्ये एक महिनाको सेवा सुविधा सङ्कलन गरी त्यसको एकमुष्ट रकमबाट ऋषिङ्ग गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा वर्षेनी अक्षयकोष स्थापना गर्ने नीति लिइनेछ। सो अक्षयकोषबाट प्राप्त हुने ब्याज बापतको रकमबाट सम्बन्धित विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रावृत्ति तथा पठनपाठन सहायता स्वरूप उपलब्ध गराउने प्रबन्ध मिलाइनेछ।

५४. ऋषिङ्ग गाउँपालिका अन्तर्गतका विद्यालयमा कार्यरत प्रारम्भिक बाल विकास सहजकर्ता विद्यालय लेखापाल र कार्यालय सहयोगीको गाउँपालिकाबाट उपलब्ध गराउँदै आएको थप सुविधालाई निरन्तरता दिइने छ। **ECD** सहजकर्ता लेखापाल र कार्यालय सहयोगीको रूपमा उत्कृष्ट कार्यसम्पादनको आधारमा पुरस्कृत तथा सम्मान गरिनेछ।

५५. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थपान, शैक्षिक पात्रो व्यवस्थापन, अद्यावधिक स्रोत व्यवस्थापन, विद्यालय-अविभावकबीचको सञ्चार व्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

**स्वास्थ्यः**

५६. ऋषिङ्ग गाउँपालिकाका सम्पूर्ण नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवामा पहुँचको सुनिश्चितता गरिनेछ। स्वास्थ्य सेवा प्रवाहका लागि समुदाय स्तरमा स्थापना गरिएका सामुदायिक स्वास्थ्य इकाई तथा वर्थिङ्ग सेन्टरहरूलाई व्यवस्थित र सुविधासम्पन्न गरिनेछ।सम्पूर्ण नागरिकहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध हुन उत्प्रेरित गरिनेछ।गाउँपालिकामा स्वास्थ्य तथा सरसफाई सम्बन्धी अभियान सञ्चालन गरिनेछ।

५७. कोभिड-१९ संक्रमण, डेङ्गु जस्ता विभिन्न समयमा विभिन्न रोगहरुको कारण फैलन सक्ने विपद् तथा महामारीजन्य रोगहरुको समस्या समाधन गर्न आवश्यक औषधी, किट, औजार तथा उपकरणको तयारी र तदारूकता कार्य टोलिको व्यवस्थापनमा पहल गरिनेछ। रोगहरुको संक्रमणबाट बच्न नागरिकहरुलाई सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै शारीरिक तथा मानसिक तन्दुरुस्तीका लागि गाउँपालिकाका विभिन्न स्थानहरुमा योग शिविर सञ्चालन गरिनेछ।

५८. स्वास्थ्य सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुको सञ्चालन, व्यवस्थापन अनुगमन र निरिक्षणलाई प्रभावकारी बनाइनेछ।स्वास्थ्यकर्मी तथा स्वयंसेविकाहरुको लागि विभिन्न किसिमको तालिमहरु सञ्चालन गरिनेछ। स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहनका लागि वार्षिक रुपमा उपलब्ध गाराउँदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ। साथै स्वयंसेविकाहरुलाई सञ्चार सुविधाको प्रबन्ध मिलाइनुका साथै अन्य रचनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५९. ऋषिङ्ग-४ भिरकोटमा निर्माणधीन १० शैय्याको आधारभूत अस्तपतालको निर्माण सम्पन्न गरी सेवा सुचारु गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय गर्दै संञ्चालनको आधार तयार गरिनेछ । विभिन्न खालको स्वास्थ्य समस्या समाधनका लागि कोटदरवार स्वास्थ्य चौकी स्थापना गरिएको स्वास्थ्य प्रयोगशाला र कोल्डचेनलाई व्यवस्थित गरिनेछ।

६०. गर्भवती महिलाहरूका लागि ग्रामिण भिडियो एक्स-रे सेवा प्रभावकारी बनाईनेछ ।गर्भवती आमा र अतिविपन्न नागरिकहरुलाई नजिकको स्वास्थ्य संस्थासम्म जान निशुल्क एम्बुलेन्सको व्यवस्थापनलाई निरन्तरता दिईनेछ। भवितव्यमा परी मृत्यू भएका नागरिकहरुलाई पोस्टमार्टम केन्द्रसम्म निःशुल्क रुपमा लैजाने व्यवस्था मिलाइने छ।

६१. आमा सुरक्षा कार्यक्रम अन्तर्गत संस्थागत प्रसुति सेवालाई प्रोत्साहन गरि **"घरमा प्रसुति शुन्य"** नीति कार्यान्वय गरिनेछ।साथै तोकिएको मापदण्ड बमोजिम नियमित गर्भ जाँच गराउने महिलाहरुका लागि पोषण उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।सुनौलो हजार दिनको कार्यक्रमको अवधारणा अनुरुप आमा तथा बच्चाको पोषण सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।गाउँपालिकाका बालबालिकाहरुलाई कुपोषण रहित बनाउने तर्फ विशेष ध्यान दिइनेछ।

६२. ऋषिङ्ग गाउँपालिकामा सञ्चालनमा रहेका बर्थिङ्ग सेन्टरहरुमा प्रसुति प्रतिक्षालय स्थापना गर्ने व्यवस्था मिलाइनेछ।बर्थिङ्ग सेन्टरहरुमा रात्रीकालीन प्रसुति सेवा सहजीकरणको लागि वैकल्पिक उर्जाको प्रबन्ध मिलाइनेछ।

६३. स्वस्थ ऋषिङ्गवासि स्वस्थ गाउँपालिका भन्ने नारा बमोजिम गाउँपालिका भित्र लुकेर रहेका स्वास्थ्य समस्या(मोतिविन्दु, जलविन्दु, टिवि, नाक, कान, घाटी, महिलाका लागि पाठेघर सम्बन्धी ) रोगको खोज पड्ताल कार्य तथा शिविर सञ्चालन निरन्तरता दिइनेछ ।

६४. गाउँपालिकाको पारिवारिक स्वास्थ्य प्रोफाइल निर्माण गरी स्वास्थ्य सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गर्भवति महिला र अशक्त व्यक्तिहरको तथ्याङ्क अद्यावधिका गरी स्वास्थ्य सेवामा प्राथमिकता प्रदान गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरुलाई आत्मनिर्भर गराउन उनिहरुको सीप र क्षमतानुसार आयआर्जनको कार्यक्रम सञ्चालनको लागि ४० प्रतिशत अनुदानको व्यवस्था मिलाइनेछ।

## युवा तथा खेलकुदः

६५. "परिश्रमी युवा सँग पालिका" कार्यक्रमलाई अभियानको रुपमा अगाडि बढाइनेछ। युवा लक्षित विभिन्न सीप विकास तालिम कार्यक्रमसञ्चालन तथा युवा उद्यमी प्रोत्साहन तथा सम्मान कार्यक्रमको व्यवस्था गरिने छ। ऋषिङ्गको समृद्धीमा टेवा दिन ऋषिङ्गकै युवा परिचालनको लागि युवा लक्षित रोजगारिको पहिचान र सञ्चालनको पहल गरिनेछ।

६६. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर,सिकर्मी, डकर्मी, व्यवसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

६७. युवाहरुलाई सामाजिक सेवामा आकर्षित हुन अभिप्रेरित गरिनेछ। समाजको विकृति र विसंगति अन्त्यका लागि युवा परिचालनलाई जोड दिइनेछ।कृषि क्षेत्र र अन्य क्षेत्रमा युवा स्वरोजगारको अवधारणा अनुरुप कार्यक्रम अगाडि बढाइनेछ।युवाहरुको मनोरञ्जनका लागि युवा पार्क तथा खुला जिम हलको प्रबन्ध मिलाइनेछ।

६८. "युवाका लागि खेलकुद" भन्ने नाराका साथ विद्यालय स्तरीय, वडा स्तरीय र पालिका स्तरीय खेलकुदका कार्यक्रम सञ्चालन गर्दै खेल प्रतिभा पहिचान र विकास गरी अभिलेखिकरण गरिनेछ ।खेलकुदकै माध्यमबाट ऋषिङ्गको चिनारी राष्ट्रियस्तरमा फैलाउन तथा ऋषिङ्गमा खेल पर्यटन प्रवर्द्धन गर्न विगतदेखि गरिँदै आएको राष्ट्रिय स्तरको **"ऋषिङ्ग म्याराथन प्रतियोगिता"** र **"अध्यक्षकप भलिबल प्रतियोगिता"** लाई थप सुधार सहित निरन्तरता दिइने छ।

६९. गाउँपालिकाको विभिन्न स्थान ( झापुटार, काँहू, दुवुङ्ग, रूपटार, पिपलटार, थाप्रेक, ढुङ्गाडे, अर्खलछाप तथा पल्टयाङ्ग) मा खेलमैदान तथा खेलपूर्वाधार निर्माण तथा स्तरोन्नती गरिनेछ।

**<u>महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकः</u>**

७०. गाउँपालिकाका सबै महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति बालबालिकाहरुको संजाल गठन तथा व्यवस्थापन गरिनेछ।सम्बन्धित समूहलाई लाभ हुने खालका विभिन्न लक्षित कार्यक्रमहरू सञ्चालनको व्यवस्था गरिनेछ।लैङ्गिक हिंसा तथा घरेलु हिंसा निवारणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

७१. गाउँपालिका भित्रका महिलालाई लैङ्गिक भेदभावविनाको समान वंशीय हक, सुरक्षित मतृत्व तथा प्रजनन सम्बन्धी हक तथा राज्यका निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता हुने मौलिक हकको सुनिश्चितता गर्न र बालबालिकाको संरक्षण र सर्वद्धनका लागि गाउँपालिकामा लैङ्गिक हिंसा निवारण कोष र बालहित कोषको स्थापना गरिनेछ ।

७२. महिलाहरुको सशक्तिकरण एवम् क्षमता विकासका लागि महिला नेतृत्व विकास तालिम, सीप विकास तालिम, उद्घघोषण तालिम लगायत जीविकोपार्जन हुने खालका कार्यक्रम सञ्चालन

गरिनेछ। महिला उद्यमी सिर्जनालाई जोड दिइने छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नारी दिवस र लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा महिला दिदी बहिनीहरू बीचमा विभिन्न सिर्जनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। महिलाहरुका लागि निशुल्क पाठेघरको क्यान्सर तथा स्तन क्यानसर परीक्षण शिविर सञ्चालनको व्यवस्था गरिनेछ। एकल महिला तथा एकल पुरुष सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७३. बालबालिकाहरूमा नेतृत्त्व सीप विकासका लागि तालिम सञ्चालन गरिने छ। वडा स्तरीय बालक्लब, पालिका स्तरीय बाल सञ्जाल र बाल संरक्षण समिति गठन गरी विविध बाल कार्यक्रम सञ्चालन गरिनेछ। बालबालिकाहरुलाई मनोरञ्जन दिलाउन बालउद्यान केन्द्र तथा फनपार्क निर्माण गरिनेछ। बालविवाह न्यूनीकरणका लागि "**विवाहवारी बीस वर्ष पारी**" भन्ने नाराका साथ सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

७४. अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास गरी क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यकताका आधारमा सहायता सामाग्री वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। ग र घ वर्गको अपाङ्गता भएका व्यक्तिहरुको लागी सञ्चालन गरिदैं आएको जीविकोपर्जन सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७५. विगतमा सञ्चालन गरिदैं आएको जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ। जेष्ठ नागरिक लक्षित स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

## <u>न्याय, कानुन तथा मानव अधिकार प्रर्वद्धनः</u>

७६. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

७७. गाउँपालिकोे न्यायीक समितिबाट हुने न्याय सम्पादनलाई व्यवस्थित बनाइनेछ। प्रत्येक वडाका मेलमिलाप केन्द्रहरुलमई व्यवस्थित गरी मेलमिलाप समितिलई सक्रिय तुल्याइनेछ। न्यायीक समिति र मेलमिलाप समितिको सदस्यहरुलाई उचित तालिमको प्रबन्ध मिलाइनेछ।

७८. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

७९. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८०. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पूर्ण प्रक्रियालाइ **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिनेछ ।

**सामाजिक सुरक्षा तथा लक्षित समुदायः**

८१. गाउँपालिकका नागरिकहरुका बीच सामाजिक न्याय, समता, समानता र सदभाव कायम गरिनेछ। सामाजिक तथा आर्थिक रुपले पिछडिएको नागरिक र समुदायको उत्थानको लागि सङ्घीय तहको समन्वयमा समाजिक सुरक्षा तथा संरक्षणको प्रबन्ध मिलाइनेछ।

८२. गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातीय समुदायले पम्परागत रुपमा अगाँल्दै आएका पेशा तथा सीपहरुको संरक्षण र संवर्द्धन गरी आयआर्जनको मार्ग प्रशस्त गरिनेछ। आरान संरक्षण, पञ्चेबाजा संरक्षण, हाँडि घैंटा संरक्षण कार्यमा जोड दिइनेछ। सबै जातजातीको भेषभुषा, कला, साहित्य, भाषा, रिति रिवाज, प्रथा प्रम्परा र संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्ने कार्यलाई जोड दिइनेछ। दलितको सम्मान ऋषिङ्गको अभियान कार्यक्रम सञ्चालन गरिदै आएको र ऋषिङ्गलाई जातीय मूल्यहरूको सम्मान सहितको समतामूलक समाजको रूपमा विकास गर्दै लगिनेछ ।

**खानेपानी तथा सरसफाई**

८३. ऋषिङ्ग गाउँपालिकाको अधिकांश बस्तीहरूमा शुद्ध खानेपानीको प्रवन्ध गरिनेछ। अधुरा रहेका खानेपानी योजनाहरु झापुटार खानेपानी योजना, नाजुङ्ग अधुरो खानेपानी योजना, अर्चल्दी खानेपानी योजना र सिरकोट बोरिङ्ग लिफ्टिङ्ग, गढिडाँडा तथा चोलोक्मा, कोखे खानेपानी योजनालाई यसै वर्ष सम्पन्न गरिनेछ। खानेपानीको मूलको शुद्धता तथा रसायनिक जाँच गर्ने व्यवस्था सहितको खानेपानी ल्यावको सञ्चालनमा ल्याइनेछ । गाउँपालिकालाई एक घर एक धारा युक्त पालिका बनाउने अभियानलाई निरन्तरता दिइनेछ।

८४. खानेपानीको गुणस्तरलाई प्राथमिकता दिइनेछ। खानेपानी योजनाहरुको निर्माण एवं संचालनमा गुणस्तर र दिगोपना कायम गर्नका लागि निर्माण उपभोक्ता समिति र सम्पूर्ण उपभोक्ताहरुलाई तालिमको व्यवस्था गरिनेछ। प्रदेश सरकार सँगको समन्वयमा लिफ्टिङ्ग खानेपानी उपभोग गर्ने उपभोक्ताहरुलाई लिफ्टिङ्ग गर्दा लागेको विद्युत महशुलमा छुटको व्यवस्था मिलाइनेछ।

८५. नेपाल सरकारको सरसफाई गुरुयोजना, २०६८ अनुसार पूर्ण सरसफाई युक्त गाउँ वडा र पालिका कायम गर्नका लागि पूर्ण सरसफाईम विशेष ध्यान दिइनेछ। विगतमा निर्मण गरिएका

सार्वजनिक शौचालयहरूको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। आवश्यकताको आधारमा थप सार्वजनिक शौचालयहरू निर्माण गरिनेछ। बजार विस्तार भएका क्षेत्रहरूमा फोहोरमैला व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरिनेछ। अन्य स्थानहरूमा फोहोरमैला व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम गरिनेछ।

८६. खानेपानीको समस्या समाधनका लागि विभिन्न स्थानमा भएका कुवा, पँधेरा तथा पोखरीहरुको मर्मत संभार गरिनेछ साथै थप नयाँ पोखरी निर्माण कार्य अगाड बढाइनेछ।पानीको स्रोत संरक्षणको लागि विभिन्न क्षेत्रहरुमा वृक्षरोपण कार्य गरिनेछ। साथै खानेपानीको मूलको समस्या भएका बस्तिहरुमा खानेपानी व्यवस्थापनका लागि संघ र प्रदेश सरकार सँगको समन्वयमा काली गण्डकी नदिको पानी ल्याउने गरी गुरुयोजना अगाडि बढाइनेछ।

## रोजगारी सिर्जनाः

८७. युवाहरुलाई रोजगारीका विभिन्न क्षेत्रको सम्बन्धमा अभिमुखीकरण कार्यक्रम गरिनेछ।बढी रोजगरी सिर्जना हुन सक्ने सम्भाव्य क्षेत्रको पहिचान गरी सोही क्षेत्रमा अल्पकालीन र दिर्घकालीन अवधीको रोजगारी सिर्जना गरिनेछ। अन्तर स्थानीय तह साझेदारी तथा समन्वयमा रोजगारी सिर्जनाका लागि पहल गरिनेछ।राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय बजारको माग अनुरुपको सीप तथा क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

८८. रोजगार सेवा केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ। पालिका भित्रका बेरोजगार व्यक्तिहरुको सूचिकरण कार्यलाई व्यापक र प्रभावकारी बनाइ न्यूनतम १०० दिनको रोजगारी सुनिश्चित हुने वातावरण निर्माण गरिनेछ।सुरक्षित बैदेशिक रोजगारीका लागि सामी कार्यक्रम सञ्चालनको लागि साझेदारी गरिनेछ।

८९. श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न सचेतना कार्यक्रम गरिनेछ। कृषि, पशु पालनको क्षेत्र तथा अन्य व्यावसायिक गतिविधिमार्फत स्वरोजगार सृजनालाई प्रोत्साहन गरिनेछ।वैदेशिक रोजगारीका क्रममा अप्ठ्यारोमा परेका ऋषिङ्गका नागरिकहरुलाई उद्दारको लागि आवश्यक कार्य गरिनेछ।

९०. पिपलटार औद्योगिक ग्रामलाई प्रदेश र सङ्घ सरकारसँगको समन्वय तथा साझेदारीमा सू-सम्पन्न गरी औद्यौगिक गतिविधि मार्फत रोजगारी सिर्जनाको वातावरण निर्माण गरिनेछ।

## पूर्वाधार विकास तर्फः

९१. गाउँपालिकामा निर्माण सम्पन्न भएका पूर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार, अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management and Utilization Plan) तयार गरी कार्यान्वयन गरिनेछ। प्रभावकारी सम्पति व्यवस्थापनका लागि सम्पति व्यवस्थापन सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागु गरिनेछ ।

### सडक र पुल,

९२. गाउँपालिका भित्रका सडक व्यवस्थापन गुरूयोजना अनुरुप सडकको right of way कार्यान्वय गरिनेछ। सडकहरुको स्तरोन्नति गर्नका लागि डि. पि. आर. प्रक्रिया अगाडि बढाइनेछ। गाउँपालिकाको सडक तथा पक्की पुलहरुको व्यवस्थापन गर्नको लागि नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ। सडक निर्माण गर्दा सडकको गुणस्तर, वातावरणीय प्रभाव र समुदायमा पर्ने प्रभावलाई विशेष ध्यान दिइनेछ। सडक निर्माणको कारण पहिरोको जोखिम सिर्जना हुन सक्ने स्थानहरुको पहिचान गरी त्यस्ता ठाँउहरुमा Bio-engineering प्रविधि मार्फत पहिरो नियन्त्रण गरिनेछ।

९३. श्रृङ्गपथ मोटर मार्ग, झापुटार-काँहु चालिसे मोटर मार्ग, सुडे दुबुङ्ग मोटर मार्गलाई गाउँपालिकाको गौरवको सडकको रुपमा अगाडि बढाई कालोपत्रे कार्यलाई निरन्तरता दिईनेछ। ऋषिङ्गपाटन, पल्टयाङ्ग ऐरी मोटर मार्ग, सुँडे दुवुङ्ग मोटरमार्ग, दुवुङ्ग भिरकोट मोटरमार्ग, ढुङ्गाडे सपाङ्गदी रुपटार मोटर मार्ग, श्रृङ्ग शान्ति मोटरमार्ग आदि जस्ता सडकहरुलाई रणनीतिक महत्त्वको सडकको रुपमा अगाडि बढाइ पक्की सडकमा रुपान्तरण गर्ने प्रक्रियालाई निरन्तरता दिइनेछ।

९४. दुलेगौंडा पालिङ्गटार सिरकोट मोटरमार्ग, ज्वालादेवी मोटरमार्ग, सुकेपोखरी ग्वासलुङ्ग मोटर मार्ग, ग्वासलुङ्ग-कोइदिम मोटर मार्ग, पल्टयाङ्ग भैंसिकिले मोटरमार्ग, बाँझो लिवाङ्ग मोटरमार्ग,पोखरी भञ्याङ्ग लिवाङ्ग मोटरमार्ग, झापुटार रिङ्गरोड, कान्छे रजमुल मोटरमार्ग, कल्याणदेवी मोटरमार्ग, भिरकोट मधुवन मोटरमार्ग, धारूङ्ग वुन्जी मोटरमार्ग, अर्चल्दी बलिमराङ्ग लगायतका सडकहरुको स्तरोन्नति गरिनेछ। बस्ती भएका स्थानका सडकहरुमा कालोपत्रे कार्यलाई निरन्तरता दिइनेछ। लागत साझेदारीमा आधारित योजनाहरुलाई कार्यान्वयन गर्ने नीति अख्तियार गरिनेछ।

९५. ऋषिङ्ग गाउँपालिकाका सम्पूर्ण वडाहरुसम्म कालोपत्रे सडक पुर्याउने गरी प्रक्रिया अगाडि वढाइनेछ। सबै बस्तिहरुमा सडक संजाल तथा यातयातको पहुँच विस्तार गरिनेछ। ढुङ्गाडेमा रहेको बसपार्कलाई पक्की बसपार्कको रुपमा व्यवस्थित गरिनेछ।

९६. ढाक्रेखोला, ज्वालाखोला, लुम्दीखोला, वान्टाङ्गखोला, सुँडे लगायतका विभिन्न स्थानमा निर्माण भएको पक्की पुलको संरक्षण तथा संभार गरिनेछ। दिउलीखोलामा पक्की पुल निर्माण कार्य आगामी आर्थिक बर्ष सम्पन्न गरिनेछ।

९७. ऋषिङ्ग गाउँपालिकाका विभिन्न स्थानहरुमा निमाण भएका झोलुङ्गे पुलहरुको संरक्षण गरिने छ। निर्माणाधीन झोलुङ्गे पुलहरुको निर्माण कार्यमा तीव्रता दिइनेछ। आवश्यकताको आधारमा थप झोलुङ्गे पुल निमार्ण कार्य अगाडि बढाइनेछ।

## भवन र बस्ती विकास र विद्युतिकरण

९८. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवम् व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ। भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

९९. एकिकृत वस्ती विकास योजना तर्जूमा गरी अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना सञ्चालन गरिनेछ। साना-साना एकल उद्देश्यीय भवन निर्माणलाई निरुत्साहित गरी बहुउद्देश्यीय भवन निर्माण जोड दिइनेछ।

१००. विभिन्न स्थानमा अव्यवस्थित रुपमा रहेका वस्तीहररूको अध्ययन गरी सम्भावनाको आधारमा एक वडा एक एकीकृत बस्ती कार्यक्रम सञ्चालनका लागि गुरुयोजना तयार गरी विगतमा वर्षमा सञ्चालन नआएको यस योजना यस वर्ष सुरुवातिको रुपमा अगाडि बढाइनेछ।सीमान्तकृत, दलित र विपन्न नागरिकहरुलाई एकिकृति वस्ती विकास कार्यक्रम सञ्चालन गरी एकीकृत बस्ती निमार्ण गरिनेछ। विगतको वर्षमा सञ्चालन गरिएको **"ऋषिङ्ग फर्क"** अभियानलाई निरन्तरता दिइनेछ।

१०१. विभिन्न स्थानमा निर्माण गरिएका सार्वजनिक प्रतिक्षालय, बेन्च, पार्क, तथा चोकहरूमा चौतारोलाई संरक्षण गर्दै निर्माण कार्यलाई निरन्तरता दिइनेछ। सेती नदीको झापुटार र कालीगण्डकीको गडगडीघाट लगायतका स्थानहरूमा व्यवस्थित शवदाह स्थल निर्माणको लागि संघीय सरकार र प्रदेश सरकारसँग पहल गरिनेछ।

१०२. उज्यालो ऋषिङ्ग अभियानलाई निरन्तरता दिइने छ। सबै नागरिहरुलाई विद्युतको पहुँचमा ल्याइनेछ। विद्युतीकरणमा गुणस्तर वृद्धि गर्न तर्फ ध्यान दिइनेछ। ऋषिङ्ग विभिन्न स्थानम भएका काठेपोलहरुलाई फलामे पोलले विस्थापन गरिनेछ। सडक र महत्त्वपूर्ण स्थानहरुम जडान गरिएका सौर्य बत्तीको मर्मत संभार गरिनेछ। आवश्यकताका आधारम थप स्थानहरुम सौर्य बत्ती जडान कार्यलाई निरन्तरता दिइनेछ।साथै ऋषिङ्गका मूख्य बजार क्षेत्रका पोलहरूमा बिद्युत बत्ती जडान कार्यलाई निरन्तरता दिइनेछ ।

**सिँचाईः**

१०३. मनसुनमा आधारित कृषि प्रणालीलाई क्रमशः सिँचाईमा आधारित बनाउने कार्यको थालनी गरिनेछ।गाँउपालिकाका विभिन्न स्थानका खेतहरुमा रहेको कुलो संरक्षण मर्मत तथा संभार गरिनेछ। सिँचाईको सम्भावना रहेका पिपलटार, रुपटार र मधुवनटार जस्ता स्थानहरूमा सिँचाई नहर निर्माणका लागि पहल गरिनेछ।आगामी आर्थिक बर्षमा पीपलटार सिंचाई योजना शुरुवातका लागि प्रदेश सरकार र नेपाल सरकारसँग पहल गरिनेछ।

१०४. साना सिँचाई कार्यक्रम मार्फत तरकारी तथा फलफूल खेती प्रवर्द्धन गरिनेछ। सम्भावनाको आधारमा भूमिगत सिँचाई कार्यक्रम सञ्चालन गरिनेछ।करेसाबारी तथा अन्य तरकारीबाली सिंचाईका साथै जमिन रिचार्ज गर्ने प्रयोजनका लागि पोखरी निर्माण कार्यलाई अभियानकै रुपमा अगाडि बढाइनेछ।

**वातारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनः**

१०५. वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापनलाइ समेट्ने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडीवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिनेछ। गाउँपालिकामा रहेका सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन व्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिनेछ।

१०६. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्नको आवश्यक कार्य अगाडि वढाइनेछ । जलवायु परिवर्तन कोडिङ्गको आधारमा वजेट निर्माण गरिनेछ ।

१०७. गाउँपालिका भित्रका सामुदायिक वन र राष्ट्रिय वनको संरक्षण र सदुपयोग गर्न पहल गरिनेछ। सामुदायिक वन उपभोक्ता समितिहरुलाई कानूनी दायरा अनुरुप नियमन गरिनेछ। खाली रहेका स्थानहरूमा वृक्षारोपण कार्यलाई प्रोत्साहन गरिनेछ। सडकको दायाँ र बाँया वृक्षारोपण कार्यलाई प्राथमिकता दिई सडकलाई हरियाली तथा सुरक्षित बनाइनेछ।वन्यजन्तु संरक्षण कार्यलाई अभियानकै रुपमा अगाडि बढाउँदै चोरी शिकारी नियन्त्रणमा विशेष पहल गरिनेछ।

१०८. भू-सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजनाका लागि आवश्यक तयारी गरिनेछ ।विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पूर्व तयारी, विपद न्यूनीकरण र पुनर्स्थापनाको कार्यलाई ब्यवस्थित र प्रभावकारी बनाइनेछ। गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०९. गाउँपालिकामा प्राकृतिक प्रकोप तथा अन्य कारणबाट सिर्जना हुन सक्ने विपद्को रोकथाम तथा न्यूनीकरण सम्बन्धी पूर्वतयारी, प्रतिकार्य र उद्दार कार्यका लागि गाउँपालिका स्तरीय र वडा स्तरीय विपद् व्यवस्थापन समितिको क्षमता विकास गरी सक्रिय तुल्याइनेछ।आवश्यक खर्च व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोषको प्रबन्ध गरिनेछ।साथै स्थानीय नागरिक, प्रदेश सरकार र सङ्घ सरकारसँग समन्वय र सहकार्य गरिनेछ। विपद् प्रतिकार्यका सामाग्रीहरुको प्रबन्ध मिलाइनेछ।

## सङ्गठन तथा प्रशासन, सुशासन, पारदर्शिता र सेवा प्रवाह

११०. गाउँपालिका र यस भित्रका सम्पूर्ण कार्यालयहरुबाट प्रवाह हुने सेवालाई सरल, छिटो छरितो, पारदर्शी तथा प्रविधिमैत्री बनाइनेछ। विकास निर्माणका योजनाहरुको प्रतिफल मापन गरिनेछ।निर्माण कार्यको गुणस्तर मापन कार्यका लागि स्थापना गरिएको पूर्वाधार ल्यावलाई व्यवस्थित गरी सञ्चालनमा गरिनेछ।

१११. गाउँपालिकाको वढ्दो कार्यक्षेत्र र दायित्व र सङ्घीय तथा प्रादेशिक ऐनको मार्गदर्शनको आधारमा **O&M** सर्वेको पुनरावलोकन गरिनेछ र उक्त सङ्गठन संरचना र गाउँपालिकाको

आन्तरिक स्रोतमा परेको घट्दो अवस्थालाई दबावलाई मध्यनजर गरी कार्यरत कर्मचारीको Right Sizing गरिनेछ । कर्मचारीको कार्य सम्पादन प्रभावकारी बनाउन अध्यक्षसँग प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीच कार्य सम्पादन करार सम्झौता गरीनेछ। कार्य सम्पादनको आधारमा प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ।

११२. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ । कर्मचारीको मनोबल उच्च राख्न निस्त्रिय र त्रियाशील नभएका कर्मचारीहरूलाई समयानुकुल प्रविधिमैत्री कर्मचारी तालिमको व्यवस्था गरिनेछ।जनप्रतिनिधि समाज कल्याण कोषलाई यस वर्ष पनि निरन्तरता दिइनेछ । साथै "**श्रमको सम्मान जनप्रतिनिधिको अभियान**" कार्यत्रम प्रारम्भ गरिनेछ ।

११३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु लगायत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्र्यौट गर्ने कार्य अगाडी बढाइनेछ।प्रत्येक महिनाको आय/व्ययको फाँटवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ।

११४. सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहीता प्रवर्द्धन गरी सुशासन कायम गरिनेछ।अनियमितता र अनुचित कार्यलाई पूर्ण रुपमा निवारण गरिनेछ।गाउँपालिकाबाट पारित भएका विकास योजना, ऐन, नियम, निर्देशिका र कार्यविधिहरु गाउँपालिकाको वेभसाइट र मोबाइल एप्स तथा सञ्चार माध्यमबाट सार्वजनीकरण गरिनेछ। सेवा प्रवाहका सम्बन्धमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र जे. सि.परीक्षण जस्ता कार्यलाई नियमित गरिनेछ।सेवा प्रवाह सम्बन्धी सूचना प्रवाहलाई चुस्त दुरुस्त बनाइनेछ।

११५. गाउँपालिका र वडा कार्यालयहरुमा सम्पादित कार्यको विवरणको आधारमा सार्वजनिक सेवा वडापत्रको निरन्तर कार्यन्वयन गरिनेछ। गुनासो पेटिका, सुझाव पेटिका, गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको प्रभावकारी व्यवस्थापन गरिनेछ। नागरिकको सहजताको लागि हेल्प डेस्कको व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ। साथै नागरिकको लागि फोटोकपीको व्यवस्था गरिनेछ ।

११६. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ।

११७. विकास निर्माणका सबै आयोजनाहरुमा आयोजना सूचना पाटी राख्ने व्यवस्थालाई अनिवार्य गरिनेछ। आयोजनाको सार्वजनिक परीक्षण र खर्च सार्वजनिक कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ। उपभोक्ता समितिलाई आयोजना सञ्चालन सम्बन्धी उपयुक्त प्रशिक्षणको व्यवस्था गरिनेछ।

११८. आधारभूत वस्तू तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

११९. गाउँपालिकाभित्र रहेको सबै सार्वजनिक जग्गा एवम् सम्पत्तिको लागत सङ्कलन गरी त्यसको संरक्षण एवम् उपयोगको लागि आवश्यक कार्ययोजना तयार गरिनेछ ।

१२०. गाउँपालिकाको दोस्रो पञ्चवर्षिय आवधिक योजना तर्जुमा गर्ने र सोसँग सम्बन्धित भएर मध्य कालिन खर्च संरचना, आयोजना बैंक निर्माण गरी विकास आयोजना व्यवस्थापन र सार्वजनिक खर्चलाई वैज्ञानिक, अनुमानयोग्य र नतिजामुखि बनाइनेछ ।

१२१. गाउँपालिकालाई सुरक्षित सभ्य र मर्यादित बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ। धुम्रपान सेवन, मध्यपान सेवन र जुवातास जस्ता कुलतयुक्त व्यवहार नियन्त्रणको लागि आवश्यक पहल गरिनेछ। लागू पदार्थ दुर्व्यासनी नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**विविधः**

१२२. "**उपभोक्ता समितिलाई सम्मान, टोल टोल बीचको उपभोक्ता समितिको प्रतिस्पर्धा अभियान**" भन्ने मूल नाराका साथ टोल-टोल वस्ती-वस्तीका उपभोक्ता समितिले गुणस्तरीय र उत्कृष्ट कार्य सम्पादन गर्न प्रतिस्पर्धा गर्ने र सम्मान गर्ने नीति लिइनेछ। साथै उपभोक्ता समितिले गरेका एजेण्डा र राम्रो अभ्यासहरू पालिकामा अभिलेखीकरण गरी राखिने व्यवस्था मिलाइनेछ ।

१२३. प्लास्टिक झोला कम गरी बायोप्लाष्टिक वा अन्य झोला व्यवस्थापन गर्दै वातावरणीय ह्रास न्युनीकरण गर्न आवश्यक कार्य गरिनेछ।

अन्तमाः यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा गाउँपालिकाका सबै जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, संघसंस्था, समाजसेवी एवम् बुद्धिजीवि वर्ग र जनसमुदायको साथ र सहयोग रहनेछ भन्ने विश्वास राखेको छु। यो नीति तथा कार्यक्रम तयार पार्न सहयोग पुऱ्याउनु हुने सबै महानुभावहरु प्रति हार्दिक आभारप्रकट गर्दछु ।

***धन्यवाद ! जय ऋषिङ्ग !!!***